# ७. विश्वासमा अगाडि बढनु

क. मुख्य पदहरु

| | |
|---|---|
| रोमी १०:१७ | लूका १८:८ |
| याकूब २:१४-२६ | मर्कूस ११:२२-२४ |
| यूहन्ना १४:१२ | १यूहन्ना ५:४ |
| हिब्रू ११:१-४० | मर्कूस ९:२३ |

ख. परिचय

विश्वास ब्रम्हाण्डमा सबैभन्दा ठूलो शक्ति हो किनभने यसैको माध्यमबाट मानव अनुभवमा परमेश्वरको शक्ति प्रकट हुन्छ. विश्वास विना परमेश्वरलाई खुशी पार्नु असंभव छ (हिब्रू ११:६). हामीमध्ये कसैमा पनि परमेश्वरको मागलाई पूरा गर्ने र उहाँको राज्यको काम गर्नसक्ने साधनहरु छैनन्. हामीलाई अलौकिक वरदानको खांचो छ र त्यो वरदान विश्वास हो. विश्वास त्यो शक्ति हो जसद्वारा येशूमा हामी नयाँ जीवनमा प्रवेश गर्छौं र हामीमा भएको नयाँ जीवनको अभ्यास हामी यही शक्तिद्वारा गर्दछौं. विश्वास मनको विषय नभएर इच्छाको हो (हितोपदेश ३:५). यसको अर्थ परमेश्वर र उहाँको वचनमा नधरमराउने सम्पूर्ण विश्वास र भरोसा गर्नु हो.

ग. विश्वासको पाँच औले अभ्यास

विश्वाससँग केही महत्वपूर्ण तत्वहरु छन् जुन एक अर्कासँग सम्बन्धित छन्. यदि हामीले यस महान खेलको कदर गर्ने हो भने वास्तवमा ती अन्तर-सम्बन्धित तत्वहरु अविभाज्य रुपमा एकसाथ रहनुपर्छ. विश्वासलाई जोडने यी कडी (धागो) विना विश्वास के हो सो को पूर्ण अभिव्यक्ति हामीले जानेका हुँदैनौ तथा यी कडीमध्ये एक नभएमा हाम्रो जीवनभित्र विश्वासले राम्रो काम गर्न सकिरहेको हुँदैन. विश्वास पाँच औंला भएको एउटा हात जस्तै हो. यदि तपाईले आफ्नो हत्केला भरि विश्वास लेख्नुभयो भने औलाहरुमा मजबुत पकड आउंछ जुनचाहिं विश्वासको कार्यान्वयन (Faith in Action) हो.




**१. विश्वास अनुग्रह हो (एफिसी २:८-९)**

पितासँगको हाम्रो सम्बन्धको आधार विश्वास हो. हाम्रो आफ्नै बल वा धार्मिकताद्धारा हामी बाँचेका होइनौ तर विश्वासद्धारा हाम्रो जीवनमा वास्तविक देखिएको परमेश्वरको अनुग्रहबाट हो. हाम्रो आफ्नै प्रयासबाट हामीमध्ये कसैले पनि नयाँ जन्म पाएका होइनौ. यहाँसम्म कि परमेश्वरमा भरोसा गर्ने सामर्थ्य हामीमध्ये कसैमा थिएन. स्वभावैले हामी परमेश्वरको विरोधी थियौं र उहाँको वचनमा समर्पित हुनै हामी सक्दैनथ्यौं. (रोमी ८:७-८). परमेश्वरमा विश्वास गर्नु इश्वरीय वरदान हो. परमेश्वरको वचनप्रतिको प्रत्युत्तरमा विश्वास प्रदान गरिन्छ किनभने पवित्र आत्माको क्रियाशील सामर्थ्यमा यसले हाम्रो जीवनमा प्रवेश गर्दछ. परमेश्वरले अचानक हाम्रा परिस्थितिहरुमा आफ्नो वचन बोल्नुहुंदा हामी हाम्रो जीवनको एउटै लक्षमा काम गरिराखेका थियौं. नतीजामा हामी रोकिएर हामीसँग बोल्ने वचन सून्न त्यतातिर फर्कन्छौं. जब हामी आफ्नो पुरानो लक्षदेखि परमेश्वरको वचन सुन्न फर्कन्छौं त्यतिबेला हामीसँग पहिला कहिल्यै नभएको कुरा हामीकहाँ पवित्र आत्माले ल्याउनुहुन्छ - त्यो हो विश्वासको वरदान (रोमी १०:१७).

हाम्रो जीवनमा अनुग्रहको साचो रुप विश्वास हो. विश्वासद्धारा परमेश्वरको अनुग्रह हाम्रो जीवनमा आउंदछ. विश्वासले हामी र परमेश्वरको बीचमा एउटा कडीको काम गर्दछ जसद्धारा उहाँको अनुग्रह हामीकहाँ आउंदछ. विश्वास बेगर हामी परमेश्वरको अनुग्रह स्वीकार (प्राप्त) गर्न सक्दैनौ.

परमेश्वरको वचन हामीले प्राप्त गरेपछि यो अनुग्रहको माध्यम उहाँले खोल्नुभएको छ.

२. **विश्वास सत्य हो** (यहूदा ३)

नयाँ नियममा  कैयौं पटक "विश्वास" शब्द अगाडिपट्टि एउटा खास उपपद (article) का साथ देखापर्छ, जस्तै "the faith". विश्वासको सम्बन्धमा विशेष केही कुरा भएको यसले प्रष्ट पार्छ. यसमा केही विषयवस्तु छ (१कोरिन्थी १६:१३).  हामीले विश्वास मात्र गर्नु काफी छैन तर के मा विश्वास गर्छौं त्यो महत्वपूर्ण छ.  येशूद्वारा परमेश्वरले हामीलाई दिनुभएको प्रकाश सत्यले घेरिएको छ.  यही सत्य हाम्रो विश्वासको आधार हो.  हाम्रा असल विचारहरु वा हामीले गरेका भावनात्मक अनुभवहरुमा सत्य टिकेको छैन.  येशूमा रहेको परमेश्वरको वचन र घोषित कामहरुमा यो टिकेको छ.

३. **विश्वास वरदान हो** (१कोरिन्थी १२:९)

यो विश्वासको वरदान खास अवसर र आवश्यकताहरुको निम्ति हो.  अरु आत्मिक वरदानहरुजस्तै यो विश्वासको वरदानले हाम्रो पुरानो स्वभावमा नभएको सम्भावित क्षमता र सामर्थ्य हाम्रो निम्ति सम्भव तुल्याइदिन्छ. असम्भवलाई पनि "सम्भव" भनेर यही विश्वास चिच्याउंछ.  यस प्रकारको विश्वास हाम्रो मानवीय शरीर तथा मनको निम्ति लाजमर्दो हुन्छ किनभने यसमा केटौली पाराको काम गराई हुन्छ, बालकले झैं यसले परमेश्वरमाथि विश्वास गर्दछ. हाम्रा स्व:प्रयत्नहरु र आफ्नै इच्छा अनुसारका योजनाहरुलाई यसले त्याग्ने माग गर्दछ. यसरी हामी नयाँ गरी आफैलाई स्वर्गीय पिताको अनुग्रहमा समर्पण गर्छौं जसले गर्दा आवश्यक परेका बेलामा उहाँले हामीलाई अनुग्रह दिनुहुन्छ.

४. **विश्वास शक्ति हो**

विश्वास महत्वपूर्ण, ओजस्वी, प्रभावकारी र शक्तिशाली छ.  जहिले-जहिले हामी धर्मशास्त्रबाट विश्वासको बारेमा सुन्छौं त्यसबेला केही शक्तिशाली कार्य भइरहेको हुन्छ (प्रेरित ३:१६). येशूले हामीलाई विश्वासका केही सशक्त र शक्तिशाली प्रतिज्ञाहरु दिनुभएको छ (मत्ती २१:२२; मर्कूस ११:२२,२३; यूहन्ना १४:१२-१४).

**५. विश्वास विजय हो**

जो मानिसहरुले संसारका व्यवस्थालाई पल्टाउने रहस्य जानेका थिए तिनीहरु सदैव विश्वासका व्यक्तिहरु थिए (१यूहन्ना ५:४). परमेश्वरको राज्यको शत्रुको सामना कसरी गर्ने सो तिनीहरुलाई थाहा थियो. निश्चय नै विश्वास र आज्ञाकारिताको एक अर्कोसित नजीकको सम्बन्ध छ. विश्वासले परमेश्वरको वचनमा आस्था राख्न मदत गर्छ भने आज्ञाकारिताले वचनलाई पूरा गर्नमा सहायता गर्छ.

## घ. विश्वास र परमेश्वरको वचन

विश्वास र परमेश्वरको वचन एकसाथ हुन्छ. विश्वास असल व्यवहारमा परिणत एक विचार मात्र होइन. साँचो विश्वासले परमेश्वरबाट आएको वचनमाथि भरोसा गर्छ (यशैया ५५:११). चाखलाग्दो कुरो त विश्वासले परमेश्वर बातचित गर्नुहुने परमेश्वर हुनुहुन्छ भनेर स्वीकार गर्छ. प्रत्येक अवस्थामा उहाँसँग केही भन्ने कुरा छ र यदि हामीमा उहाँलाई सुन्ने धिरज भएमा उहाँ जे भन्नुहुन्छ सो हामी सुन्नेछौं. परमेश्वरको वचनले विश्वास निर्माण गर्छ र यसले विश्वासको माग गर्छ (रोमी १०:१७). हामीले विभिन्न परिस्थितिहरुमा परमेश्वरको वचन नसुनेसम्म हामी साँचो विश्वासमा जिउन सक्दैनौं. त्यसकारण यो वचनले हामीसँग विश्वास भएको चाहन्छ र यसरी हामी विश्वासमा खडा हुन्छौं. केही कुराका निम्ति प्रार्थना गर्ने र विश्वासमा दह्रो हुने सम्बन्धमा केही अन्तर छ. केही कुराका निम्ति प्रार्थना गर्ने कुराले हाम्रो सामान्य दृष्टिकोणलाई देखाउंछ जसमा कुनै मुद्दामा हाम्रो मनमा स्पष्ट धारणा हुन र नहुन पनि सक्छ. परमेश्वरको वचनको ज्योतिमा लिइएको निष्ठा नै विश्वासमा स्थीर रहनु हो. सबै तथ्यहरु स्पष्ट नहुनसक्छ र विश्वास कसरी पूरा हुन जादैछ भन्ने कुरा त्यतिबेला नखुल्न सक्दछ. तर विश्वास जान्दछ. त्यस विषयमा भित्री समझदारी र आत्मामा दृढ निश्चयता छ जसले गर्दा परिणाम सुनिश्चित छ.

*"अब विश्वासचाहिँ आशा राखिएका कुराको निश्चय र नदेखिएका कुराको दृढ भरोसा हो."* (हिब्रू ११:१)

त्यसकारण विश्वास र असल विचार बीचको अन्तर परमेश्वरको वचन हो. यस बारेमा मानिसहरुले गल्ती गर्न सक्छन् किनभने (विश्वासलाई वा वचनलाई) तिनीहरुको मानव इच्छा र आकांक्षाले नियन्त्रण गर्नथाल्छ.

अनि इश्वरीय प्रकाशको दावी तिनीहरु गर्न थाल्छन् जुन वास्तवमा तिनीहरुसित हुँदै हुदैन. मानव दृष्टिकोणबाट हेर्दा खतराको तत्व विश्वासको जीवनसँग जोडिएको देखिन्छ. जोन विम्बरले यसलाई "खतरा जोडिएको विश्वास" को संज्ञा दिनुभएको छ.

विश्वास (गर्नुपर्ने) अवस्थाहरुमा पवित्र आत्माले प्रायश: धर्मशास्त्र उपयोग गर्नुहुन्छ किनभने यसलाई उहाँले हाम्रा निम्ति चिनो लगाइदिनुभएपछि हामी त्यो अंशमा घरि-घरि फर्केर जानसक्छौं अनि त्यसमा कुनै परिवर्तन नभएको हामी फेला पार्नेछौं. तपाईंको अनुभवको सम्भनाको अधिनमा यो छैन. अनुवाद र साँचो समझदारीपूर्ण जाँचमा तिनीहरु खरो उत्रिनेछन्. निश्चय नै, हामीले अन्य स्रोत अगमवाणी, शिक्षा वा दर्शन आदिबाट पनि परमेश्वरको वचन प्राप्त गर्न सक्दछौं.

ङ. परमेश्वरको वचनले हाम्रो निम्ति गर्ने पाँच थोकहरु

१. **यसले हामीमा विश्वास जगाउंछ** (रोमी १०:८, १७)

परमेश्वरको यो वचन विना विश्वासको अस्तित्व हुदैन. परमेश्वरको अपरिवर्तनशील स्वभाव र उहाँको वचनमा विश्वास आधारित छ (याकूब १:१७; भजन ९:१०; गन्ती २३:१९)

२. **विश्वासको निम्ति यसले हामीलाई तयार पार्छ** (१यूहन्ना ३:२१)

परमेश्वरको वचन शक्तिशाली छ. यो कुनैपनि दुइधारे तरवारभन्दा बढी धारिलो हुन्छ. यसले प्राण र आत्मालाई त्यसका जोर्नी-जोर्नी र हाडको गुदीसम्मलाई भाग-भाग पारुन्जेल वारपार छेडने र हृदयका विचार र इच्छा जाँच्नसक्ने हुन्छ (हिब्रू ४:१२). परमेश्वरको वचनले हाम्रो आफ्नो प्राणसँग गाँसिएका (मन, इच्छा र आवेग) कुराहरुलाई हाम्रो आत्मासँग सम्बन्धित (यसमा पवित्र आत्मा र इश्वरीय विवेक सामेल छ) कुराहरुबाट अलग गर्नसक्छ. यसले जोर्नी-जोर्नी (शरीरको त्यो अंगहरु जसले शरीर संचालन गर्छ) र हाडको गुदी (जीवन र रक्तकोष सृजना गर्ने शरीरको अंश) लाई छुट्टयाउन सक्छ. येशूको चेलाका रुपमा हामी क्रियाशील हुनुपर्छ, तर क्रियाशीलताको नाउंमा कार्यक्रमहरुमा मात्र अति व्यस्तता प्रदर्शन गर्नु हुदैन. हामीले परमेश्वरका कामहरु मात्र गर्नुपर्दछ किनभने उहाँका कामहरुमा जीवन छ र त्यसले जीवन सृजना गर्छ. हृदयको विचार र प्रवृत्तिलाई जाँच्नका निमित्त हामीलाई परमेश्वरको वचनको खांचो छ. हामीले परमेश्वरमा विचार र धारणाहरुको विकास गर्नुपर्छ तर ती

विचारहरु परिपक्वतामा पुग्नको लागि बाधाको रुपमा ठोस, अचल र ढलान गरिएको अपरिवर्तनशील भने हुनु हुदैन.
हाम्रो जीवनमा केही खराबी भएसम्म आत्मिक भरोसाको कुनै सही परिमाणमा हाम्रो स्वर्गीय पिताको सामुन्ने हामी आउन सक्दैनौ. हामीलाई परमेश्वरको वचनको तीव्र प्रकाशमा जिउने साहसको खांचो पर्छ (हिब्रू ४:१, १३).

३. **विश्वासमा यसले हामीलाई सघाउ पुऱ्याउंछ**
परमेश्वरको वचनको अद्भूत कुराहरुमध्ये एउटा चाहिँ यसले हाम्रो पुरानो स्वभावको सबै नकारात्मक विचारहरुको बदलामा उचित (जीवन्त) विकल्प हाम्रो सामुन्ने उपस्थित गर्छ. विश्वासमय जीवनको निम्ति हाम्रो मन अति महत्वको हुन्छ. हाम्रा पाँच इन्द्रियहरुका प्रभावले हामीलाई छोइहाल्छ. वास्तविक देखापर्ने र ठोस कुराहरुको बन्धनमा हामीलाई पार्न शैतान प्रयत्नशील छ. हाम्रो आफ्नो आंखाको सामुन्नेमा हामी जे देख्छौं त्यसैका आधारमा हामी जिएको ऊ चाहन्छ. परमेश्वरको उद्देश्य त हाम्रा विचारहरुमा हामी नविकरण भएको हुनुपर्छ (रोमी १२:२). परमेश्वरको जीवित वचनको सामर्थ्यमा हामी स्थीर हुनुपर्छ.

४. **यसले हामीलाई विश्वासमा डोऱ्याउंछ** (यशैया ३०:२१)
उहाँका स्रोतहरु प्राप्त गर्न जान्ने मात्रै हैन तर यसलाई कसरी प्रयोग गर्ने भन्ने बारेमा पनि हामीलाई निर्देशित गर्न परमेश्वरको वचनको हामीलाई आवश्यकता छ. उहाँले वचन बोल्नुहुंदा हामी त्यसमा भरोसा गर्नसक्छौं. किनभने उत्तम कुराहरु उहाँलाई थाहा छ र उहाँले नै परिस्थितिहरुलाई नियन्त्रण गर्नुहुन्छ.

५. **हामीमा रहेको विश्वासप्रति यसले सहमति जनाउंछ**
हाम्रो विश्वासमा स्थीर रहिरहनमा सघाउ पुऱ्याउन परमेश्वरले कहिलेकाहिँ हामीलाई आफ्नो वचन दिनुहुन्छ (यशैया ६६:९).

## च. विश्वासमा आइपर्ने पाँच अवरोधहरु

१. **अनुमान** (हितोपदेश ३:५; यर्मिया २३:२५-३२)
२. **भय** (मर्कूस ४:४०; यूहन्ना १४:१)

३. परमेश्वरको सट्टा मानिसहरुबाट महिमा र प्रशंसा पाउन चाहने प्रवृत्ति (यूहन्ना ५:४४)
४. शंका (याकूब १:६-८; मर्कूस ११:२३)
५. दोषपूर्ण विवेक जुन आफैंलाई खुशीपार्ने काम र परमेश्वरको वचनप्रति अनाज्ञाकारिताबाट उत्पन्न हुन्छ (१यूहन्ना ३:२१-२२)

## छ. तिम्रो परमेश्वर साह्रै सानो (तुच्छ) छ

यदि हाम्रो जीवनमा परमेश्वरलाई महत्वहीन ठान्दै जियौं भने आवश्यक परेका बेलामा हाम्रो विश्वास पनि कमजोर नै रहने तथ्य शैतान राम्रैसित जान्दछ. विश्वासको सबैभन्दा ठूलो कुरा वा उपलब्धि परमेश्वर हुनुहुन्छ. परमेश्वर जीवित र सक्रिय हुनुहुन्छ. ब्रम्हाण्ड सृष्टि गर्नुहुने परमेश्वरसित हाम्रो सम्बन्ध जोडिएको छ. विश्वास परमेश्वरमा एउटा ठूलो परीक्षण जस्तो हो. परमेश्वरको अस्तित्व नभएको भए विश्वास असफल हुन्थ्यो वा यसको कुनै कामै हुनेथिएन. वास्तवमा हाम्रो विश्वासको परिमाणले हाम्रो परमेश्वरको आकार हामीलाई देखाएको छ. परमेश्वरलाई मानिसहरुले जाँच्नको निम्ति उहाँले तिनीहरुलाई निम्तो दिनुभएको छ (मलाकी ३:१०). यही कुराहरु नै क्रिश्चियन विश्वास हो. येशूलाई मृत्युबाट ब्युंताउने परमेश्वरको त्यही महान शक्ति हाम्रो विश्वासको नाप अनुसार हामीलाई उपलब्ध भएको छ (एफिसी १:१९-२०).

## ज. तपाईं सानो हुनुहुन्छ

यदि शैतान परमेश्वरप्रतिको हाम्रो दृष्टिकोणलाई खसाल्न असमर्थ भएमा उसले आफ्नो ध्यान हामी आफ्नैप्रतिको दृष्टिकोणलाई कम गराउनमा लगाउनेछ. हाम्रो शरीर र स्वभावको कमजोरीको हाम्रो ज्ञानबाट उसले आफ्नो काम शुरु गर्छ र ती कमजोरीहरुलाई स्वाभाविक आकारभन्दा धेरै ठूलो गरी फुलाएर परमेश्वर र हामी आफैंमाथिको विश्वासलाई चकनाचुर पारिदिन्छ. प्रशस्तै मानिसहरु यति धेरै हीन भावना (लघुताभास) मा जिउंछन् कि विश्वास तिनीहरुको निम्ति असम्भव हुन्छ. हामी येशूमा के हौं त्यसमा प्रवेश गर्नुपर्छ (हामीले जान्नुपर्छ).

*"यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो. पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ."* (२कोरिन्थी ५:१७).

हामीले हाम्रो पुरानो स्वभावका कमजोरीभन्दा माथि उठेर ख्रीष्टमा हामी आफैंलाई देख्नुपर्ने आवश्यकता छ. कुनै खास मुद्दामा जब हामी विश्वाससाथ उभिन्छौं त्यतिबेला शैतानले केही कुराहरुलाई प्रयोग गर्छ, त्यसकारण हामी साधारणत: होशियार र चनाखो हुनुपर्दछ. परमेश्वरको वचनमाथि उसले शंका उत्पन्न गराउने कोशिस गर्नसक्छ अर्थात विश्वास सँगसँगै उसले अलिकति तर्कलाई पनि मिसाउने प्रयत्न गर्छ. अथवा कमजोरी, अयोग्यपन, अन्धकार, निराशा, हतोत्साहपन, आशाहीनता र मृत्युका भावनाहरु हामीमा ल्याउन सक्दछ. तथापि यी कुराहरु नै साश्वत सत्य होइनन्. साश्वत सत्य त परमेश्वर हुनुहुन्छ. येशूमा परमेश्वरले जे गर्नुभएको छ सच्चाई (सत्य) त्यही हो. यो सच्चाईबाट पलायन हुने बाटो होइन. अपठेरापनहरु छँदै छैनन् भनेर बहाना गर्ने प्रयास पनि यो होइन. विश्वास एउटा भ्रम पनि होइन. हामी पीडाको सच्चाइलाई नकारिरहेका छैनौं न त परिस्थितिहरुको सत्यतालाई इन्कार नै गरिरहेका छौं. विश्वासले उब्जाएको प्रश्न यो हो - यो क्षणमा देखिएको वा अनुभव गरिएको कुराहरुभन्दा पनि माथि अर्को महान सत्य छ कि ? अनि प्रत्युत्तरमा विश्वास चिच्याउंछ, "हो, छ." त्यो सत्य परमेश्वर हो. यदि अब्राहामले यो सत्यको सामना गरेका भए उनको अवस्था कस्तो हुनेथियो होला ? उनले टाढा-टाढा सम्म दृष्टि पुऱ्याएर परमेश्वरको प्रतिज्ञालाई सुने (हिब्रू ११:१२). विश्वासले सधैं छान्न लगाउंछ. मानिसको साक्षी र परमेश्वरको साक्षीमध्ये एकको हामीले छनौट गर्नुपर्छ. जस्तो देखिन्छ त्यस्तै स्वीकार गर्ने वा विश्वासमा परमेश्वरसँगै खडा हुने जसले उहाँमा केही पनि असम्भव छैन भन्दछ.

विश्वासले परमेश्वरतिर हेर्दछ. विश्वासले परमेश्वरको शक्ति देख्छ. विश्वास परमेश्वरको वचनमा ढुक्क हुन्छ. यसले परमेश्वरको प्रतिज्ञाहरुमाथि दावी गर्छ. परमेश्वरको सामर्थ्यमा यसले काम गर्छ. शुरुदेखि अन्तसम्म यो परमेश्वरबाट उत्पन्न हुन्छ. उहाँको हृदयबाट जन्मिएर हाम्रो हृदयमा यसको विजारोपण हुन्छ. त्यसैकारण विश्वास हाम्रो बिजय हो, किनभने -

*"जो तिमीहरुमा हुनुहुन्छ, संसारमा हुनेभन्दा उहाँ महान हुनुहुन्छ"* (१यूहन्ना ४:४).

## झ. प्रभावकारी विश्वासका ७ खुडकिलाहरु

### १. पितासँग हाम्रो सम्बन्ध बनाउने

जब येशूले चेलाहरुलाई प्रार्थना गर्न भन्नुभएको थियो उहाँले स्वर्गमा हुनुहुने तिनीहरुका पितासँग प्रार्थना गर्न भन्नुभएको हो (मत्ती ६:९). हामी उहाँका केटाकेटीहरु हौं (रोमी ८:१६). स्वर्गीय पितामा भरोसा नै हाम्रो विश्वासको आधार हो. यदि कुनै कुराले यो सम्बन्धलाई चुँडालेमा यसले विश्वासलाई खतम पार्छ (१यूहन्ना ३:२१-२२). विश्वासको केन्द्रविन्दुमा परमेश्वर हाम्रो पिता र हामी उहाँका सन्तानहरु बीच खुल्ला सम्बन्ध हुनुपर्छ. हामी उहाँकहाँ ठूला-ठूला कुराहरु माग्न आउदैछौं. हामी उहाँसँग आंखा जुदाउन सक्नुपर्छ र हामी बीचमा एक अर्कामा भरोसा छ भनेर जान्नुपर्छ (१यूहन्ना १:८-९). विश्वासले खुला वातावरणमा काम गर्छ त्यसकारण स्वर्गीय पितासँगको हाम्रो दैनिक हिसाव किताव दुरुस्त हुनुपर्छ.

### २. परमेश्वरको लागि सुन्ने

परमेश्वरको वचन सुनाईमा विश्वास आधारित हुन्छ. कुनै विषयमा हामीले एकचोटि परमेश्वरको वचन सुनिसकेपछि उहाँबाट त्यसको उत्तर पाउन जति नै समय लागेपनि हामी पर्खनसक्छौं. परमेश्वरको वचनको निम्ति पर्खन, यसलाई जाँच्न र यसमा स्थीर रहेर हामी विश्वासको जगमा उभिराखेका छौं भनेर निश्चित हुन जरुरी छ.

### ३. आफ्नो एबेनेजर खडा गर्नुहोस्

पुरानो नियममा परमेश्वरले दिनुभएको मदतको साक्षी स्वरुप पत्थरको स्तम्भहरु (जसलाई एबेनेजर भनिन्थ्यो) बनाएर ठड्याउने चलन पुरानो नियमको समयमा थियो (१शमूएल ७:१२). त्यो पुस्ता र आउंदो पुस्ताको निम्ति पनि परमेश्वरले गर्नुभएको भलाईको साक्षीको रुपमा त्यो रहने गर्थ्यो. विश्वासमा बढदै जांदा परमेश्वरको बचाउने सामर्थ्यका बारेमा तपाईंको साक्षीमा वृद्धि हुदै जान्छ. त्यसैले विश्वासका साँचो मानिसहरुलाई परमेश्वरमा तिनीहरुको भरोसाबाट कहिल्यै हल्लाउन सकिदैन. आफ्नो एबेनेजर (पत्थर स्तम्भ अथवा विश्वास स्तम्भ) हरुको पर्यटन भ्रमणमा तपाईलाई तिनीहरुले लिएर जानेछन्. बेला-बेलामा हाम्रा निम्ति परमेश्वरले विगतमा गर्नुभएका कामहरुमा हामीले विश्वासपुर्वक फर्केर हेर्नु आवश्यक हुन्छ. तिनीहरु परमेश्वरको भलाईको निर्विवाद साक्षीका रुपमा त्यहीं स्थीर रहिरहेका छन्.

४. **पवित्र आत्माका वरदानहरु चलाउनुहोस्.**

यदि तपाईले १कोरिन्थी १२:७-११ पढ्नुभयो भने थुप्रै किसिमका वरदानहरु विश्वासको जीवनमा प्रयोग हुनका निम्ति परमेश्वरले दिनुभएको तथ्य तपाईले पत्ता लगाउनु हुनेछ. आत्मिक ज्ञान र समझ तथा विश्वास र ठीक-बेठीक छुट्ट्याउनसक्ने विवेक पनि पाउनुहुनेछ. विश्वासमय जीवनको निम्ति तिनीहरु परमेश्वरबाट उपलब्ध प्रावधान हुन्. कुनै खास विषयमा जब हामी परमेश्वरको इच्छा जान्न चाहिरहेका हुन्छौं त्यसबखत अन्य भाषाको वरदान अत्यन्त समयानुकुल देखिन्छ. परमेश्वरको आत्मालाई काम गर्न हामीले स्थान दिनुपर्छ किनभने कसरी प्रार्थना गर्ने सो बारेमा उहाँलाई राम्रै थाहा छ (रोमी ८:२६)

५. **विश्वाससाथ माग्नुस**

येशूले सिकाउनुभयो,

*"माग, त तिमीहरुलाई दिइनेछ. खोज, त तिमीहरुले भेट्टाउनेछौ. ढकढकाओ, त तिमीहरुका निम्ति खोलिनेछ."* (लूका ११:९)

विश्वास भनेको परमेश्वरको इच्छा जान्नु र साधारणत: त्यो ज्ञानमा पिताकहाँ ती बिन्तीहरु पुष्टि गर्न आउनु हो. धेरै मानिसहरु अन्जानमै प्रार्थना गर्छन् त्यसकारण आफ्ना प्रार्थनाहरुको उत्तर आउने हो कि नआउने हो त्यसमा तिनीहरु अनिश्चित रहन्छन्. अत्यन्त चुनौतीपूर्ण र विश्वासको अभ्यासमा साह्रै लामो खण्ड विश्वासमा प्रार्थना गर्नु नभएर विश्वासमा सुनिश्चित हुने प्रक्रिया हो. यसमा एकचोटी ढुक्क भइसकेपछि आत्मामा ठूलो शान्ति र निश्चिन्तता छाउँछ जसले गर्दा प्रार्थनाको उत्तर व्यवहारमा देखिन जति नै समय लागोस यसको कुनै अर्थ रहँदैन (मर्कूस ११:२४).

६. **शैतानबाट छुटकारा प्राप्त गर्नुहोस्**

परमेश्वरकै काममा लगाउनका निम्ति उहाँका स्रोतहरुको दावी गर्नु आवश्यक छ. अर्थ (रुपियां-पैसा) र शक्तिको क्षेत्रमा शैतानको पलडा (तराजु) भारी छ. आधिकारिक रुपमा परमेश्वरका चीजहरु रोकिराखेर शैतानले उहाँका जनहरुलाई परमेश्वरको राज्यमा काम गर्दा गरीबि र खांचोमा नै राखिराख्ने प्रयत्न गर्छ. यो कुरा ठीक होइन र यसलाई उसको हातबाट छुटाउन प्रार्थना र प्रशंसाद्वारा उसलाई कसरी हटाउने सो हामीले सिक्नुपर्छ. हामी उसित केही पनि मागिरहेका छैनौ तर जुन असल कुराहरु

परमेश्वरको हो तिनीहरुलाई रोकिराख्न शैतानलाई हामी कदापी अनुमति दिनेछैनौ भनेर हामी उसलाई जनाउ दिनेछौं. मानिसहरुलाई विश्वासमा अघि बढ्नमा अवरोध खडा गर्ने एउटा तत्व भ्रम हो. यो परमेश्वरबाट आएको होइन (२ तिमोथी १:७). येशूमा शत्रुमाथि विजय प्राप्त गर्न र आवश्यक स्रोतहरु उहाँको नाउंमा छुटाउन हामीलाई अधिकार दिइएको तथ्य हामीले थाहा पाउनुपर्दछ (कलस्सी २:१५; कलस्सी ३:१७).

### ७. पहिलो वचनमा फर्किनुहोस्

विश्वासमा आश्वासन प्राप्त गरिसकेपछि भ्रमका बीऊहरुमाफ आक्रमण गर्न हामी कतिचोटी धर्मराउंछौं. यस्तो समयमा हामी आश्वासनको पहिलो शब्दमा फर्किनुपर्छ. परमेश्वर भ्रमको होइन तर व्यवस्थाको परमेश्वर हुनुहुन्छ. यदि तपाईंको समस्याहरु वास्तविक छन् भने तपाईले भरोसा गर्नसक्ने र आफूले चिनेको विश्वासमा दह्रो व्यक्तिकोमा गएर आफ्नो समस्याहरु उसलाई बताउनुहोस (यशैया ५५:११-१३).

येशूले भन्नुभएको छ,

*"जब मानिसको पुत्र आउंछ, के उसले पृथ्वीमा विश्वास भेट्टाउनेछ र ?"* (लूका १८:८).

## ञ. प्रश्नहरु र छलफलका बुँदाहरु

१. अब्राहामको जीवनबाट हामी विश्वासको कस्तो किसिमको पाठ सिक्न सक्नेछौं ? (रोमी ४:१७-२०)

२. के हामी नाम लिएर यसको दावी गर्नसक्छौं ?

३. किन विश्वास खतरापूर्ण छ ?

४. आफुमाथि गलत दृष्टिकोण राख्नेहरु विश्वासलाई किन मुस्किल या असंभव ठान्छन् ?

५. हाम्रो विश्वासको कदमलाई सफल तुल्याउन तर्क वा विवेकलाई काममा ल्याउनुमा कुनै अर्थ छ कि ?

६. हाम्रो विश्वास र आपूर्तिको स्रोत को हो ?

७. परमेश्वर जे भन्नुहुन्छ त्यो वा वास्तविकता, हामी कुनचाहिँ देख्नेछौं ?

ट. सारांश र प्रयोग

१. विश्वासले परमेश्वरको शक्ति उपलब्ध गराँछ.
२. विश्वास परमेश्वरमा सीधा अनि ठाडो भरोसा हो तर तेर्सो (परमेश्वरमा पुग्दै नपुग्ने) होइन.
३. क्रिश्चियन विश्वासी हुनुको मतलव विश्वासमा जन्मनु र विश्वासमै हुर्कनु हो. हामी हाम्रो जन्माधिकारप्रति इमान्दार तथा यसैमा विश्वास गर्दै जिउनुपर्ने कुरामा येशूले हामीलाई चुनौती दिनुभएको छ.
४. हाम्रो जीवनमा परमेश्वरको वचन स्वीकार गरेको परिणाममा विश्वास प्राप्त भएको छ.
५. परमेश्वर र उहाँको वचनलाई जानेकै परिमाणमा हाम्रो विश्वासमा वृद्धि हुनजान्छ.
६. स्व:प्रयत्नका आधारमा विश्वासमा वृद्धि हुँदैन तर परमेश्वरमा ध्यान दिंदाखेरिमा मात्र यसमा वृद्धि हुन्छ. (हिब्रू १२:२; मर्कूस ११:२२).
७. हाम्रो विश्वासको नाप अनुसार हाम्रो परमेश्वरको आकार हुन्छ.